## सूचना ४

श्री ५ को सरकारले मिति २०४४।५।३ को निर्णयानुसार नेपाल न्याय सेवा, राजपत्राङ्कित विशिष्ट श्रेणी, कानून तथा न्याय मन्त्रालयका विशेष सचिव श्री ईश्वर-बहादुर श्रेष्ठलाई सोही मन्त्रालयको सचिव पदमा मिति २०४४।५।१० देखि नियुक्ति गरेको छ ।

## सूचना ५

श्री ५ को सरकारले मिति २०४४।५।३ को निर्णयानुसार नेपाल प्रशासन सेवाका देहायका अधिकृतहरूलाई देहाय बमोजिम राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा मिति २०४४।५।५ देखि कायम मुकायम मुकरर गरेको छ ।

| सि.नं. | नाम र थर | साविक पद र कार्यालय | हालको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री हितसिंह श्रेष्ठ | अतिरिक्त सचिव, जलस्रोत मन्त्रालय । | का. मु. सचिव, आपूर्ति मन्त्रालय । |
| १. | श्री वासुदेव प्रधान | अतिरिक्त सचिव, स्वास्थ्य मन्त्रालय । | का. मु सचिव, स्वास्थ्य मन्त्रालय । |

## सूचना ६

कृषि मन्त्रालयका सचिव श्री अक्रुरनरसिंह राणा मेक्सिकोमा हुने प्रिजेन्टेशन वीकमा भागलिन जानुभएको र अतिरिक्त सचिव श्री इन्द्रराज मिश्र पनि काजमा विदेश मै रहनुभएकोले सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८. २ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव सरहका प्राविधिक अधिकृत श्री रोहित-बहादुर थापालाई मिति २०४४।५।१५ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ७

कानून तथा न्याय मन्त्रालयका सचिव श्री ईश्वरबहादुर श्रेष्ठ हिन्द महासागरीय सामुद्रिक कार्य सम्बन्धी स्थायी समितिको दोस्रो बैठकमा भागलिन श्रीलंकाको राजधानी कोलम्बो जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८. २ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव डा. गजेन्द्रमणि प्रधानलाई मिति २०४४।५।२२ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।